आज मिति २०७७/०६/२१ गते विहिबारका दिन थलारा गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री भुवनेश्वर उपाध्याय ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिलको उपस्थितिमा तपसिलका निर्णयहरू गरियो ।

**तपसिल**

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | भुवनेश्वर उपाध्याय | अध्यक्ष | |
| २. | गंगु देवी खडायत | उपाध्यक्ष | |
| ३. | धर्मराज भट्ट | सदस्य | |
| ४. | हेम बहादुर खड्का | सदस्य | |
| ५. | गणेशराज जोशी | सदस्य | |
| ६. | विष्णु बहादुर विष्ट | सदस्य | |
| ७. | दिर्घराज जोशी | सदस्य | |
| ८. | अनिल विष्ट | सदस्य | |
| ९. | भिम बहादुर रोकाया | सदस्य | |
| १०. | दिल बहादुर सिहँ | सदस्य | |
| ११. | मोहनराज जैशी | सदस्य | |
| १२. | रामदल वि.क | सदस्य | |
| १३. | श्याम सुनार | सदस्य | |
| १४. | हिरा थापा | सदस्य | |
| १५. | हिरा सुनार | सदस्य | |
| १६. | रेखा खड्का | सदस्य | |
| १७. | निर्मला कुमारी थापा विष्ट | सदस्य | |
| १८. | गणेश राज जोशी | नि.प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थित**

| | | | |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

निर्णय न.१ यस थलारा गाउपालिका वाड न.९ इलाका प्रहरी कार्यालयबाट टाढा भै वडा न.९ को जन्ता लाई शान्ती सुरक्षामा साहै समस्या पर्ने भएकोले शान्ती सुरक्षा कायम गर्न हाल सम्म स्थापना भै काम काज गर्दै आई रहेको मटेला प्रहरि चौकीलाइ अन्यत्र स्थानमा नसर्न दिइ हाल कामकाज गर्दै आएको स्थान मालुमेलामा नै स्थापनाको लागी नेपाल सरकार संग अनुरोध गर्ने भन्ने निर्णय गरियो ।

निर्णयन.२ यस थलारा गाउपालिका वाड न.४ इलाका प्रहरी कार्यालय खोली बाट टाढा भै वडा न.४ को जन्तालाई शान्ती सुरक्षामा साहै समस्या पर्ने भएकोले शान्ती सुरक्षा कायम गर्न थलारा गाउपालिकाको वडा न.४ को मनान् धारमा प्रहरीचौकी स्थापनाको लागी नेपाल सरकार संग मागको लागी अनुरोध गुर्ने भन्ने निर्णय गरियो ।

निर्णय न.३ यस थलारा गाउपालिकाको आ.ब.२०७६/७७ काम सम्पन्नभै संन्चालनमा आएका शाखा सडक हरु बर्षाको पानीले ठाउ ठाउमा पहिरो गई यातायात संन्चालन नभएका सम्पुर्ण सडक हरुलाई दशै भित्रै संञ्चालन गर्ने भन्ने निर्णय गरियो ।

निर्णय न. ४ यस थलारा गाउपालिका लाई शान्ती सुरक्षा गर्दै आउनु भएका तपसिलका सुरक्षा निकायालाई तपसिल बमोजिमको रकम दशै पर्ब मौला पुजा खर्च दिने भन्न निर्णय गरियो ।

तपसिलः-

| | | |
|---|---|---|
| १ | ईलाका प्रहरि कार्यालय थलारा खोली | रु.१०,००० ।- |
| २ | मटेल प्रहरि चौकी मालुमेला | रु.५००० ।- |
| ३ | रायल प्रहरि चौकी देउरा | रु.३००० ।- |

निर्णय न. ५ यस थलारा गाउपालिकामा बसोबास गर्दै आउनु भएका बादी परिबार लाई दशै पर्ब मनाउन रु. २०००० ।- दिने निर्णय गरियो ।